आर्थिक अभियान
शुक्रवार, २१ वैशाख २०७५ | Friday, 4 May 2018



# Soaltee Hotel Limited

★ ★ ★ ★ ★

## आर्थिक वर्ष २०७४/०७५ को तेश्रो त्रैमासिक अवधिको प्रतिवेदन

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) संग सम्बन्धित

अनुसूची – १४

सोल्टी होटल लिमिटेडको २०७४ चैत्र मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७४/०७५ को तेश्रो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदन:

### १. वित्तीय विवरण

(क) आर्थिक वर्ष २०७४/०७५ को तेश्रो त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरण :-
आर्थिक वर्ष २०७४/०७५ अन्तर्गत कम्पनीको ३१ मार्च २०१८ मा समाप्त (१६ जुलाई २०१७ देखि ३१ मार्च २०१८ सम्म) अवधिको तुलनात्मक वित्तीय विवरणहरु अनुसूची १ मा प्रस्तुत गरिएको छ ।
तेश्रो त्रैमासिक समीक्षा अवधिमा सम्बन्धित पक्षहरु बीच होटेलको नियमित व्यावसायिक कारोवार बाहेक अन्य कुनै कारोवार नभएको ।

(ख) आर्थिक वर्ष २०७४/०७५ को तेश्रो त्रैमासिक अवधि, ३१ मार्च २०१८ मा समाप्त भएको अवधिको लेखा परीक्षण नभएको प्रमुख वित्तीय अनुपातहरु :-

| विवरण | तेश्रो त्रैमासिक अवधि ३१ मार्च २०१८ को अन्त्यमा (लेखापरीक्षण नभएको) | अघिल्लो त्रैमासिक अवधि ३१ दिसम्बर २०१७ को अन्त्यमा (लेखापरीक्षण नभएको) | गत वर्षको त्रैमासिक अवधि ३१ मार्च २०१७ को अन्त्यमा (लेखापरीक्षण नभएको) |
|---|---|---|---|
| प्रमुख वित्तीय सूचांकहरु: | | | |
| ऋण पुंजीको अनुपात | ०.०१ | ०.०१ | ०.०१ |
| शेयरधनीको शेयर पुंजी कोषको प्रतिफल | ०.११ | ०.०६ | ०.१२ |
| प्रति शेयर आम्दानी (रु.) | २.२८ | १.३३ | ३.२६ |
| प्रति शेयर नेटवर्थ (रु.) | २२.९० | २५.०४ | २६.१५ |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य (रु.) | ३१.११ | ३४.५२ | ३८.७२ |
| प्रति शेयर बजार मूल्य (रु. १०/- प्रति शेयर) (रु.) | २४९.०० | २७७.०० | ३५८.०० |
| प्राईस अर्निङ्ग रेसियो (टाईम्स) | १०९.२७ | २०८.५० | १०९.७९ |
| चालु अनुपात | १.६६ | १.४९ | १.५९ |

नोट: कम्पनीको हिसाब किताब अंग्रेजी महिना अनुसार लेखांकन गरिने हुँदा सोही अनुसार आर्थिक विवरण प्रस्तुत गरिएको छ ।

### २. व्यवस्थापकीय विश्लेषण

(क) आर्थिक वर्ष २०७४/०७५ को तेश्रो त्रैमासिक अवधिमा होटेलको हिमालयन विंग भवनका कोठाहरुको परम्परागत (हेरिटेज) शैलीमा स्तरोन्नती तथा भित्री साजसज्जा गरी पुर्ननिर्माण गर्ने कार्य जारी रहेकोले सोबाट पर्न सक्ने प्रतिकूल प्रभावलाई न्यूनीकरणका लागि शसक्त बजार व्यवस्थापन गरिरहेको छ । कम्पनीको तेश्रो त्रैमासिक अवधिका आर्थिक विवरणहरुलाई विश्लेषण गर्दा चालु आर्थिक वर्ष २०७४/०७५ को शुरुका तीन महिनाको अवधिमा हिमालयन विंग भवनका कोठाहरुको स्तरोन्नती परियोजना कार्यले गर्दा बिक्रीयोग्य कोठाहरु घट्न गई सो अवधिमा कोठा आम्दानीमा उल्लेख्य कमी हुन गएको भएतापनि कम्पनीको तेश्रो त्रैमासिक अवधिको अन्त्य सम्मको समग्र कार्यसम्पादन तथा व्यावसायिक गतिविधिहरुलाई गत आर्थिक वर्षको सोहि अवधिको कार्यसम्पादन संग तुलनात्मक विश्लेषण गर्दा समग्रमा व्यवसायिक नतिजा सन्तोषजनक रही गत आर्थिक वर्षको दांजोमा समग्र आम्दानी लगभग ५ प्रतिशतले मात्र कम रहेको छ ।

(ख) समिक्षा त्रैमासिक अवधिमा कम्पनीको मौज्दात, आम्दानी र तरलताको अवस्था सन्तोषजनक रहेको छ ।

(ग) आर्थिक वर्ष २०७४/०७५ को आगामी चौथो त्रैमासिक अवधिमा कम्पनीको व्यावसायिक गतिविधिहरुको सन्दर्भमा कम्पनीले कुल आय वृद्धि गर्नका लागि अपनाउनु पर्ने सबै व्यावसायीक रणनितिक संयन्त्रहरुको समुचित सदुपयोग गर्दै होटेलको अक्यूपेन्सी बढाउने, उपलब्ध अत्याधुनिक प्रविधिका साधनहरुको प्रयोग लगायतका सबै उपायहरु अबलम्बन गरी आम्दानी अभिबृद्धि गर्ने प्रयास तदारुकताका साथ भईरहेको तथा होटेल संचालन लागतमा मितव्ययीता, नियन्त्रणात्मक कार्ययोजना अनावश्यक खर्च कटौति गर्ने लगायतका व्यवस्थापकीय सुशासन सम्बन्धी मापदण्डहरुलाई निरन्तरता दिँदै पर्यटन उद्योगका विविध बजारखण्डहरुको विश्लेषण, विस्तार तथा सूक्ष्म अध्ययन सहीत प्रवेश गर्दै आफ्ना श्रोतको पहुच तथा व्यावसायिक गतिविधिहरुलाई सक्रीयताका साथ संचालन जारी राख्ने छ ।
होटेललाई आधुनिक तथा पर्यटकहरुको चाहना अनुसार अत्याधुनिक सेवा सुबिधाहरुले सुशज्जित बनाउदै प्रतिष्पर्धात्मक बजार व्यवस्थाको मर्म अनुसार पर्यटक पाहुनाहरुलाई आकर्षक सुविधाहरु तथा उच्च स्तरको सुखद् बसाई अनुभुति दिने कम्पनीको निरन्तर प्रयास स्वरुप आगामी चौथो त्रैमासिक अवधिमा पनि होटेलको हिमालयन विंग भवनका बांकी कोठाहरुको परम्परागत (हेरिटेज) शैलीमा स्तरोन्नती तथा भित्री साजसज्जा गरी पुननिर्माण गर्ने कार्यलाई होटेल संचालनमा कुनै असर नपर्ने गरी जारी राखिने योजना छ ।

(घ) कम्पनीले होटेल व्यवसायका विविध बजार खण्डहरुमा शसक्त बजार व्यवस्थापन तथा प्रबर्द्धन गर्ने कार्य निरन्तर रुपमा जारी राखेकोछ । कम्पनीले होटेल व्यवसायका विविध बजार खण्डहरुमा बजार व्यवस्थापन तथा प्रबर्द्धन गर्ने रणनीति सहित कर्पोरेट, सेमिनार, सभा, सम्मेलन र बैंक्वेट तथा व्यवसायको अन्य बजार अंशलाई शसक्तिकरणका साथ आकर्षित गर्दै समग्रमा व्यवसाय अभिवृद्धि गर्ने योजना अनुरुप कार्य योजनालाई कार्यान्वयन गरी रहेको छ । कम्पनीले आगामी अवधिमा रणनितिक रुपमा बजार व्यवस्थापन गर्ने, पर्यटन बजारको विविध खण्डहरुमा प्रवेश गरी पर्यटक आकर्षित गर्ने कार्यलाई निरन्तर जारी राख्नेछ । साथै, सेवा सुविधा तथा होटेलका भौतिक संरचनाहरुलाई आधुनीकीकरण गर्ने रणनीतिक परियोजना अन्तर्गत होटेलको सेवा सुविधाहरुको स्तरोन्नती तथा आधुनिकीकरण गर्ने कार्यलाई समेत यसको व्यवसायीक गतिविधिहरुमा कुनै असर नपर्ने गरी जारी राख्ने लक्ष्य रहेको छ ।

(ङ) समिक्षा अवधिमा कम्पनीको मौज्दात र नगद प्रवाह सम्बन्धमा गत वर्षको सोहि त्रैमासिक अवधिको तुलनामा सन्तोषजनक छ ।
कम्पनीले समिक्षा त्रैमासिक अवधिमा व्यवस्थापकीय कार्यकुशलता सहित अधिकतम मितव्ययिता अपनाई प्रतिकूल परिस्थितिको प्रभावलाई अधिकतम न्यूनीकरण गर्दै कुशल व्यवस्थापकीय रणनीति अपनाउदै सुक्ष्म व्यवस्थापन, सुशासनका साथै गत वर्षको तुलनामा कम्पनीको चालु आर्थिक वर्षको मुनाफामा हुने वा हुनसक्ने कुनै पनि न्यूनतालाई उल्लेख्यरुपमा कम गर्ने नितीलाई निरन्तरता दिईनै राख्नेछ ।

### ३. कानुनी कारवाही सम्बन्धी विवरण

(क) आर्थिक वर्ष २०७४/७५ को तेश्रो त्रैमासिक अवधिमा कम्पनीले कुनै मुद्दा दायर गरेको छैन र कम्पनी उपर पनि कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

(ख) आर्थिक वर्ष २०७४/७५ को तेश्रो त्रैमासिक अवधिमा कम्पनीका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

(ग) आर्थिक वर्ष २०७४/७५ को तेश्रो त्रैमासिक अवधिमा कम्पनीलाई कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

### ४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण

(क) शेयरको कारोबारमा हुने उतार चढाव खुल्ला बजारले प्रतिपादित गरेको मुल्य र मान्यता अनुरुप निर्देशित हुने गरेकोछ । शेयरको कारोबार सम्वन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

(ख) कम्पनीको आर्थिक वर्ष २०७४/७५ को चैत्र मसान्त २०७४ मा अन्त्य भएको तेश्रो त्रैमासिक अवधिमा प्रति शेयर रु. १०/- का दरको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कूल दिन तथा कारोबार संख्या देहाय बमोजिम रहेको छ:-

| त्रैमासिक आ.व. २०७४/७५ (२०१७/१८) | शेयरको कारोबार - मूल्य (रु.) | | | कूल शेयरको कारोबार - दिन र संख्या | | |
|---|---|---|---|---|---|---|
| | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कूल दिन | कारोबार संख्या | कूल कारोबार शेयर संख्या |
| तेश्रो त्रैमासिक (२०७४ चैत्र मसान्त) | २७८/- | २२२/- | २४९/- | ५५ | ६०१ | २७४,४९४ |

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०

शुक्रवार, २१ वैशाख २०७५ | Friday, 4 May 2018

आर्थिक अभियान

५. समस्या तथा चुनौती

(क) समस्याहरु तथा चुनौतीहरु:

आन्तरिक

(१) यस कम्पनीमा आन्तरिक समस्या नरहेको ।

बाह्य:

(१) अप्रत्याशितरुपमा घटने पर्यटन प्रतिकूलताका राष्ट्रिय र अन्तर्राष्ट्रिय घटनाहरुको प्रभाव ।
(२) देशमा पर्यटन सम्बन्धी पर्याप्त भौतिक पूर्वाधारहरुको विकासको कमीबाट पर्ने नकारात्मक प्रभाव ।
(३) पर्यटकहरुको सुरक्षा, देशको आर्थिक र राजनैतिक अवस्था तथा सम्बन्धित बजार मुलुकहरुबाट जारी गरिने यात्रा प्रतिकूलता सम्बन्धी निर्देशनहरुबाट पर्ने प्रभावहरु ।
(४) विदेशी विनिमय दर (अमेरिकी डलर र यूरो) मा हुने अप्रत्याशित परिवर्तन ।
(५) उर्जा, विद्युत, ईन्धन तथा तत्सम्बन्धी औद्योगिक पदार्थमा हुने अप्रत्याशित उच्च मूल्यवृद्धि तथा उपभोग्य पदार्थको मूल्यवृद्धि र श्रम समस्याहरुबाट पर्ने प्रत्यक्ष र अप्रत्यक्ष प्रभावहरु ।
(६) पर्यटन उद्योगमा देखापर्ने औद्योगिक अशान्ति, अप्रत्याशित रुपमा घट्ने पर्यटन प्रतिकूलताका घटनाहरु, आन्तरिक पर्यटन प्रवर्द्धनको कमी तथा सर्व सुलभ पर्यटकीय सार्वजनिक यातायातको अभाव तथा अन्तर्राष्ट्रिय हवाई सिट क्षमतामा न्यूनताबाट पर्ने प्रत्यक्ष र अप्रत्यक्ष प्रभावहरु ।
(७) देशमा अचानक आइपर्ने असहज परिस्थितिहरु, प्राकृतिक तथा दैवी विपद तथा प्रकोपहरुको प्रभाव ।

(ख) रणनीति

सशक्त बजार व्यवस्थापन, होटेलका पाहुनाहरुलाई प्रदान गरिने गुणस्तरिय सेवा र सुविधाहरुको निरन्तर स्तरोन्नति । होटेलका सेवा सुविधा सम्बन्धी भौतिक पूर्वाधार संरचनाहरुको स्तरवृद्धि वा प्रतिस्थापन गरी लक्ष्य अनुसारको पर्यटन व्यवसायको बजार बिस्तार गर्ने र होटेलले प्रदान गर्ने सेवाहरुलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप निरन्तर परिमार्जन गर्दै तद्नुरुप कायम राख्ने ।

६. संस्थागत सुशासन

संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापन द्वारा चालिएका कदम सम्बन्धी विवरण

(क) कम्पनीको लेखापरीक्षण समितिले स्वतन्त्र आन्तरिक तथा बाह्य लेखा तथा व्यवस्थापकीय प्रतिवेदनहरुको त्रैमासिक पुनरावलोकन एवं समीक्षा गर्दै आवश्यक सुझाव सहित प्रतिवेदनमा उल्लेखित सिफारिशहरुको परिपालना भए नभएको अनुगमन समेत गर्दछ । लेखापरीक्षण समितिले कम्पनीको संचालक समिति समक्ष नियमित रुपमा प्रतिवेदन पेश गर्ने गर्दछ र यस सम्बन्धमा कम्पनीको संचालक समितिले समेत आवश्यक निर्देशन दिने गर्दछ ।
(ख) कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली अन्तर्गत होटेलको आफ्नै आन्तरिक लेखापरीक्षण विभाग समेत कार्यरत रहेको छ ।
(ग) कम्पनीको आन्तरिक लेखापरीक्षण छुट्टै स्वतन्त्र आन्तरिक लेखापरीक्षकबाट गरिन्छ जसले त्रैमासिक आन्तरिक लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण समिति समक्ष पेश गर्ने गर्दछ ।
(घ) कम्पनीले नियमनकारी निकायद्वारा जारी गरिएका नियम, विनियम र निर्देशनहरुको पूर्ण परिपालना सहित अन्य प्रचलित ऐन तथा कानून बमोजिम पुरा गर्नुपर्ने मापदण्डहरुको पूर्ण पालना गर्दछ ।

७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

अनुसूची १

# SOALTEE HOTEL LIMITED

## UNAUDITED FINANCIAL RESULTS

### AT THE END OF 31 MARCH 2018 (THIRD QUARTER) OF THE FISCAL YEAR 2074/075 (2017/18)

Rs. in '000

| PARTICULARS | Up to This Quarter ending 31 March 2018 (Unaudited) | Up to Previous Quarter ending 31 Dec. 2017 (Unaudited) | Up to this Quarter ending 31 March 2017 (Unaudited) |
|---|---|---|---|
| **BALANCE SHEET AS AT 31 MARCH 2018** | | | |
| **CAPITAL AND LIABILITIES** | | | |
| Share Capital | 666,064 | 579,181 | 526,526 |
| Reserves and Retained Earnings | 859,015 | 871,064 | 850,411 |
| | **1,525,079** | **1,450,245** | **1,376,937** |
| **Secured Loans** | | | |
| Long Term Loans (Hire purchase) | 6,087 | 6,320 | 6,905 |
| **TOTAL** | **1,531,166** | **1,456,565** | **1,383,842** |
| **ASSETS** | | | |
| Fixed Assets (Net) | 768,329 | 787,881 | 635,262 |
| Capital WIP | 241,059 | 236,216 | 229,880 |
| Investments | 83,967 | 83,967 | 83,967 |
| Deferred Tax Assets | 45,461 | 45,461 | 45,825 |
| | **1,138,816** | **1,153,525** | **994,934** |
| **CURRENT ASSETS** | | | |
| Inventories | 89,149 | 81,632 | 57,743 |
| Sundry Debtors | 234,296 | 221,030 | 315,483 |
| Cash and Bank Balances | 125,138 | 111,602 | 222,222 |
| Call Account/Time Deposits | 100,322 | 66,185 | 160,459 |
| Prepaid, Advances, Loans & Deposits | 384,360 | 365,298 | 287,653 |
| **Total** | **933,266** | **845,747** | **1,043,559** |
| **LESS: CURRENT LIABILITIES AND PROVISIONS** | | | |
| Current Liabilities | 266,071 | 275,398 | 335,767 |
| Proposed Dividend | - | 35,056 | - |
| Provisions | 294,952 | 256,253 | 319,687 |
| **Total** | **561,023** | **566,707** | **655,454** |
| **NET CURRENT ASSETS** | **372,243** | **279,041** | **388,106** |
| **DEFERRED EXPENDITURES** | **20,107** | **23,999** | **803** |
| **TOTAL** | **1,531,166** | **1,456,565** | **1,383,842** |
| **INCOME STATEMENT FOR THE PERIOD ENDED ON 31 MARCH 2018** | | | |
| **REVENUE** | | | |
| Revenue | 1,127,471 | 685,476 | 1,187,433 |
| **TOTAL** | **1,127,471** | **685,476** | **1,187,433** |
| **EXPENSES** | | | |
| Upkeep & Services | 38,307 | 24,815 | 38,860 |
| Consumption of Food, Provisions and Beverages | 198,233 | 122,913 | 204,023 |
| Salary, Wages and Other Employee's cost | 316,942 | 200,922 | 338,012 |
| Other Operation & Administration Expenses | 275,388 | 171,918 | 282,106 |
| **Profit from Operation** | **298,600** | **164,908** | **324,431** |
| Interest on Loans | 509 | 326 | 364 |
| (Profit)/Loss in Exchange | (3,000) | (363) | 576 |
| Deferred Expenses | 11,027 | 7,135 | 1,951 |
| Depreciation and Amortization | 78,555 | 50,829 | 65,124 |
| Dividend from investment (Net) | (500) | (500) | (700) |
| Provision for Employees' Housing | - | - | 12,856 |
| Provision for Staff Bonus | 19,274 | 9,771 | 22,206 |
| **Profit before Taxation** | **192,736** | **97,710** | **222,055** |
| Provision for Tax | 40,956 | 20,763 | 50,375 |
| **Net Profit after Tax** | **151,780** | **76,947** | **171,680** |

नोटः यो तेश्रो त्रैमासिक प्रतिवेदन कम्पनीको वेभसाईट http://www.soalteehotel.com मा समेत हेर्न सकिनेछ ।